प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २१८ ॥ २०८२ असोज ०५ गते आईतबार (21st Sep 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

# सदरमुकामका सरकारी कार्यालय जोगाउन सफल झापा प्रहरी

झापा, असोज ४ । जेनजीको आन्दोलनमा झापाको विभिन्न क्षेत्रमा डेढ सयभन्दा बढी संरचनामा आगजनी र तोडफोड भएपनि सदरमुकामका एक दर्जन बढी सरकारी कार्यालय जोगाउन झापा प्रहरी सफल भएको छ ।

चन्द्रगढीको रजत चौकदेखि उत्तरपट्टि रहेका महत्वपूर्ण कार्यालयहरुलाई भरमग्दूर प्रयास गरेर प्रहरीले जोगाएको हो । जिल्ला समन्वय समितिको कार्यालय, आन्तरिक राजश्व कार्यालय, कृषि ज्ञान केन्द्र, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, डिभिजन वन कार्यालय, प्रजिअ निवास, सरकारी वकिल कार्यालय, जिल्ला कारागार, हुलाक , परिवार नियोजन, जिल्ला प्रहरी कार्यालयलगायत महत्वपूर्ण कार्यालयहरुमा आन्दोलनकारीहरुलाई रोकेर प्रहरीले अझ ठूलो क्षति हुन नदिएको हो ।

भदौ २३ गते नै सरकारबिरुद्ध जेनजीहरुको आन्दोलनको भीडको मनोविज्ञान अध्ययन गरी झापा जिल्लाभरि नै प्रदर्शन हुन सक्ने जिल्ला प्रहरी कार्यालय झापाले आँकलन गरेको थियो । झापा जिल्लाअन्तर्गतका शहरी क्षेत्रहरु बिर्तामोड, दमक प्रदर्शनकारीको मुख्य तगारो बनेपनि आन्दोलनकारीको नजर जहिले पनि जिल्ला सदरमुकाममै रहने गरेको पूर्वाभ्यास रहेको छ



। तथापि जिल्ला प्रहरी कार्यालयले मातहतका कतिपय प्रहरी युनिटबाट प्रहरीहरु थप मद्दतको लागि जिल्ला प्रहरी कार्यालय झापामा संकलन गरि इलाका प्रहरी कार्यालय बिर्तामोड लगायतका स्थानमा खटाएको थियो ।

जिल्लाभरि नै शान्ति सुरक्षाको अवस्था बिश्लेषण तथा योजना निर्माण गरी सुरक्षाकर्मी परिचालनको लागि जिल्ला प्रशासन कार्यालय झापामा प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको नेतृत्वमा जिल्ला कमाण्ड पोष्ट स्थापना भएको थियो । यद्यपि प्रदर्शनकारीको उग्र भीडले इलाका प्रहरी कार्यालय दमक र बिर्तामोडमा रहेका प्रहरी इकाई लगायत सरकारी कार्यालय र नेताहरुको घर निवास लगायत व्यापारिक भवनहरुमा आगजनी गरिसकेको थियो । यति भैसकेपछि जिल्ला सदरमुकाममा पनि आक्रमण गर्ने आन्दोलनकारीको मनसाय प्रष्ट बुझिन्थ्यो । यही अवस्थालाई मनन गरि जिल्ला सदरमुकाममा रहेका सरकारी कार्यालय र जिल्ला प्रहरी कार्यालय जोगाउने जिम्माका साथ रजत चोकमा डीएसपी खगेन्द्रबहादुर खड्काको कमाण्डमा प्रहरी टोली खटिएको थियो ।

रजत चोक, सगरमाथा चोक ,लेखनाथ चोक, पृथ्वीचोक, एयरपोर्ट चोक लगायतका स्थानमा बिहानैदेखि निषेधाज्ञा लागु भइसकेपनि प्रदर्शनकारीहरु रजत चोकमा जम्मा हुन थालेका थिए । यसै क्रममा उनीहरुलाई निषेधाज्ञा जारी भइसकेको भन्दा पनि नमानी प्रजिअ कार्यालयलगायत अन्य कार्यालयतर्फ प्रहरीलाई ढंगामुढा गरी अराजक तरिकाले भीड अगाडी बढ्न खोज्दा रजत चोकमा खटिएको डीएसपी खड्का नेतृत्वको टोलीले शुरुमा लाठी चार्ज गरेको थियो ।

तर प्रदर्शनकारीको संख्या उल्लेख्य मात्रामा रहेकाले उत्तेजित भई भीड झन् अगाडी बढ्न खोज्दा प्रहरीले दर्जनौ सेल अश्रुग्यास प्रहार गरेको थियो । तर भीडले कतिपय ग्यास सेल प्रहरीतर्फ नै उल्टै प्रहार गरेका थिए । जसले गर्दा अब सुरक्षाकर्मी पछाडि हट्नुको बिकल्प थिएन । गोली प्रहारको आदेश नभएपनि डीएसपी खड्काले तत्कालीन अवस्थाको मूल्यांकन गरि प्रहरीलाई हवाई फायर खोल्ने आदेश दिनासाथ करिब ३०÷४० राउन्ड फायर गरिएपछि

❖ बाँकी पृष्ठ ३ मा

# धान खेतमा जंगली हात्ती मृत फेला

झापा (प्रस) । मेचीनगरमा धान खेतमा जंगली हात्ती मृत अवस्थामा फेला परेको छ। शनिबार बिहान करिब ८ बजे मेचीनगर-१ स्थित स्थानीय कमल कार्कीको खेतमा हात्ती मृत अवस्थामा भेटिएको हो। हात्ती शुक्रबार राति मरेको हुन सक्ने अनुमान गरिएको र घटनास्थल मेची नदी नजिकै रहेको संरक्षणकर्मी शंकर लुइँटेलले बताए । उनका अनुसार ढोइ (पोथी) हात्ती मृत फेला परेको हो ।



घटनाबारे सूचना पाएलगत्तै डिभिजन वन कार्यालय झापाको टोली घटनास्थल पुगेको डिभिजन वन प्रमुख भरतबाबु श्रेष्ठले जानकारी दिए ।
'वन कार्यालयको टोली घटनास्थल पुगिसकेको छ ।

थप अनुसन्धानका लागि कोशी टप्पु वन्यजन्तु आरक्ष, राष्ट्रिय प्रकृति संरक्षण कोषबाट समेत विज्ञ टोली बोलाएका छौं ।

अनुसन्धानपछि मृत्युको कारणबारे थाहा हुनेछ,'उनले भने । यस आर्थिक वर्षमा पहिलो पटक हात्ती मृत फेला परेको हो । गत वर्ष झापामा चारवटा हात्ती मारिएका थिए ।

# एमालेका लागि महेश बस्नेत: 'विनाशकाले विपरित बुद्धि'

झापा(प्रस) । एमालेका नेता तथा पूर्वमन्त्री महेश बस्नेतको आक्रामक स्वभावले पार्टी नै सकिने हो कि भनेर कार्यकर्ताहरु चिन्तित हुन थालेका छन् । जेन-जी आन्दोलनपछि बस्नेतले जो पायो त्यसैलाई अपशव्द प्रयोग गरी भड्काउने अभिव्यक्ति दिँदै आएपछि उनको विरुद्धमा कार्यकर्ताहरु खुलेरै आलोचना गर्न थालेका हुन् । बिर्तामोड निवासी एमालेका कार्यकर्ता भक्तिप्रसाद तिवारीले बस्नेतका बारेमा पार्टी नेतृत्वले अव सोच्नु पर्ने बताएका छन् । उनले सामाजिक संजालमा लेखेका छन् ,' कसैलाई घटिया हर्कत गराउन - हामीले किन भर्याङ बनिदिनु पर्ने ?



डन , गुण्डा र तस्करको बहिर्गमन नभएसम्म । सोच्नुपर्ने बेला आयो ।' त्यस्तै एमाले कार्यकर्ता तथा बाहुण्डाँगी गाविसका पूर्व अध्यक्ष निलकण्ठ तिवारीले बस्नेतले एमाले विगार्दै लगेकोमा चिन्ता व्यक्त गरेका छन् । उनले सामाजिक संजालमा प्रश्न गरेका छन् ,'हैन , महेश बस्नेतको बडप्पनले एमालेलाई फाइदा होला र ?' त्यस्तै अर्का कार्यकर्ताले त्यस स्टाटसप्रति प्रतिक्रिया दिँदै लेखेका छन् ,'यहि त कुरो छ , दाजु सक्ने भो त यो भुँडेले ।महेश बस्नेतले बोलेको र देखाएका गतिबिधिले मुलुक पुनः मुठभेडमा लैजाने देखिन्छ ।यसले किमार्थ देशलाई र नेकपा एमालेलाई राम्रो गर्दैन है।'

गत भदौ २३ गतेको जेन-जी आन्दोलनपछि देशमा आएको परिवर्तनले पुराना दलका नेता तथा कार्यकर्ता मौनजस्तै छन् । शीर्ष तहका नेताले पनि सामाजिक सञ्जालमार्फत सीमित सन्देश सार्वजनिक गरिरहेका छन् ।

तर, बस्नेत भने आक्रामक देखिन थालेका छन् । पछिल्लो समय उनले पत्रकारहरूलाई समेत धम्की दिन थालेका छन् ।

शुक्रबार बस्नेतले 'नेप्लिज टाइम्स'का कार्यकारी सम्पादक टेकमान शाक्यलाई धम्की दिए । बस्नेतले समाचार लेखेको भन्दै आफूलाई धम्की दिएको अडियो क्लिप पत्रकार शाक्यले सार्वजनिक गरेका छन् ।

शाक्यसँगको टेलिफोन संवादमा बस्नेतले भनेका छन्, 'तिमीले मेरो विषयमा जे बोलेका छौ । त्यो पुष्टि भएन भने के गर्छौ ?'

बस्नेतले पत्रकार शाक्यकै नेतृत्वमा सिंहदरबार र सर्वोच्च जलाइएको आरोपसमेत लगाएका छन् ।

पत्रकार शाक्यले धम्कीपूर्ण अडियो क्लिप सार्वजनिक गरेपछि पनि नेता बस्नेतले म्यासेज गर्दै धम्की दिएका हुन् । शाक्यलाई धम्की दिँदै उनले लेखेका छन्, 'धेरै कल रेकर्ड गर्न तयार भएर बस बाबु, सुरक्षित रहनु, सुखी रहनु, कुनै दुर्घटना नपरोस्...'

पत्रकार शाक्यले अर्का एक अपरिचित व्यक्तिले पनि धम्की दिएको बताएका छन् । 'उनले फोन गर्नुअगाडि 'म महेश बस्नेतको मान्छे हुँ' भन्दै एक अपरिचित व्यक्तिले पनि ज्यान मार्ने धम्की दिएको छ,' शाक्यले भने । ती व्यक्तिले आफू महेश बस्नेतको शुभचिन्तक भन्दै बस्नेतका विषयमा धेरै नलेख्न धम्की दिएको शाक्यको भनाइ छ । यो कल रेकर्ड पनि पत्रकार शाक्यले सामाजिक सञ्जालमा राखेका छन् ।

बस्नेतले पत्रकार शाक्यलाई धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ । शनिबार एक विज्ञप्ति जारी गर्दै महासंघले बस्नेतलाई कारबाहीको माग गरेको हो । समाचारप्रति असहमति भए विधिसम्मत आफ्ना कुरा राख्न सकिने भन्दै महासंघले पत्रकारलाई धम्की दिएर प्रेस स्वतन्त्रता हनन नगर्न सम्बद्ध व्यक्तिहरूलाई सचेत गराएको छ । महासचिव रामप्रसाद दाहालद्वारा हस्ताक्षरित विज्ञप्तिमा पत्रकारलाई धम्की दिने कार्यमा संलग्नहरूलाई कानुनी कारबाही गर्न पनि सम्बद्ध निकायसँग माग गरेको छ ।

नेवाः पत्रकार राष्ट्रिय दबूले पनि पत्रकारलाई धम्की दिनेहरुलाई तत्काल कारबाही गर्न र शाक्यको सुरक्षाका लागि सरकारसँग माग गरेको छ । दबूका महासचिव केके मानन्धरद्वारा जारी विज्ञप्तिमा पत्रकारको नैसर्गिक अधिकारमा अवरोध नगर्नसमेत आग्रह गरेका छन् ।

जेन-जी आन्दोलनका क्रममा आफ्नो घर तोडफोड र आगजनी भएको भन्दै बस्नेतले अराजक स्टाटस लेख्ने र भड्काउ अभिव्यक्ति दिँदै आएका छन् । उनले न्यूज २४ का पत्रकार राजीव खत्रीलाई पनि आफूमाथिको आरोप पुष्टि गर्न नसके काट्ने धम्की दिएका छन् ।

२९ गते सुनौलो नेपाल नामको फेसबुक पेजमा पोस्ट गरिएको भिडियोमा बस्नेतले भनेका छन्, 'जेन-जीलाई उचाल्ने टंक दाहाल, राजीव खत्री को को हो अरू ? ...ल त्यो राजीव खत्री भन्ने फटाहले मेरोबारेमा यौनकाण्डदेखि लिएर अनेक भन्छ । त्यो पनि पुष्टि गर, च्यालेन्ज तँलाई । खुकुरी राखेर पुष्टि गर... पुष्टि भयो भने म काटिन तयार, पुष्टि भएन भने तँलाई काट्छु म । च्यालेन्ज तँलाई ।'

त्यसपछि पनि उनले यस्तै खालका अभिव्यक्ति दिँदै आएका छन् । भदौ ३० गते दिउँसो ११ बजेर ४६ मिनेटमा सामाजिक सञ्जालमा पोस्ट गरेको भिडियोमा उनले जेन-जी लाई 'आतंककारी' भनेका छन् ।

उनले सो भिडियोमा भनेका छन्, 'जेन-जी भनेको आतंककारी हो । जसरी हिजो वाईसीएल आतंककारी थियो । हिजो माओवादी आतंककारी । लुटेर बैंक लुट्ने ठग्ने । १० वर्षमा माओवादीले गरेको भन्दा यिनीहरुले २ दिनमा बर्बाद बनाए । जेन-जीलाई आतंककारी नभनौं भन्छन् अब साथीहरु । जेन-जी भनेकै आतंककारी हो ल । १० चोटि, २० चोटि, ५० चोटि भन्छु । जसले सिंहदरबार जलाए, ती आतंककारी हुन् ।'

# कारागारबाट भागेका दुई कैदी झापामा पक्राउ

झापा(प्रस) । विभिन्न कारागारबाट भागेका थप दुई कैदी झापामा पक्राउ परेका छन् । शनिवार दिउँसो १:३० बजे चितवन कारागारवाट फरार रहेका डाँका मुद्दाका कैदी भद्रपुर वडा नं. ५ बस्ने ३५ वर्षीय बिकल बानिया क्षेत्रीलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । उनलाई भद्रपुर बजारबाट पक्राउ गरी जिप्रका झापामा ल्याई राखिएको छ ।

त्यस्तै काठमाण्डौंको सुन्धारा कारागारबाट फरार एकजना कैदी झापामा पक्राउ परेका छन् ।

ज्यान मुद्दामा कैद सजाय भुक्तान गरिरहेका काभ्रेपलान्चोक श्यामपाटी- ८ घर भएका २८ वर्षीय बेशु तामाङ पक्राउ परेका हुन् ।

शुक्रवार साँझ ६ बजे जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले तामाङलाई भद्रपुर ५ स्थित भद्रपुर बजारबाट पक्राउ गरेको हो । जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते उनी कारागारबाट भागेका थिए ।

यसैबीच झापाका विभिन्न हिरासतबाट भागेका ९२ थुनुवामध्ये दुई जना मात्रै सम्पर्कमा आएको झापा प्रहरीले जनाएको छ । गत भदौ २४ मा प्रदर्शनकारीको निसानामा प्रहरी कार्यालयहरु परेका थिए ।



उक्त क्रममा इलाका प्रहरी कार्यालय दमकबाट ५१ जना, अनारमनीबाट ३६ जना र झिलझिलेबाट ५ जना गरी ९२ जना थुनुवा प्रहरी हिरासतबाट फरार भएका थिए । फरार थुनुवामध्ये हालसम्म दुई जना मात्रै जिल्ला प्रहरीको सम्पर्कमा आएको निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक प्रवीण श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार प्रहरी सम्पर्कमा आएका दुई जना लागूऔषध मुद्दामा इलाका प्रहरी कार्यालय अनारमनी हिरासतमा थिए । अन्य ९० जना भने सम्पर्कविहीन रहेका उनले जानकारी दिए । यसरी सम्पर्कविहीन हुने थुनुवाहरु गम्भीर, जघन्य प्रकृतिकादेखि अन्य अपराधमा संलग्नहरु छन् ।

'दुई जना सम्पर्कमा आउनुभएको छ । परिस्थिति सहज बन्दै गएकाले अरु पनि सम्पर्कमा आउनुहोला,' श्रेष्ठले भने ।

आगजनीबाट मुद्दाका फाइल, कागजातहरु पनि जलेको प्रहरीले जनाएको छ ।

२४ गते देशका विभिन्न स्थानबाट कारागारमा रहेका कैदी भागे पनि झापा कारागारबाट भने कैदी भाग्न पाएनन् । यद्यपि प्रहरीले भने ठूलो क्षति बेहोर्नुपर्‍यो । जिल्लामा चौकी स्तरका २३ वटा प्रहरी कार्यालयमा आन्दोलनका क्रममा क्षति पुगेको थियो भने ९ वटा प्रहरी कार्यालय पूर्ण रुपमा नष्ट भएको थियो ।

उता झुम्का कारागारबाट भागेका थप एकजना कैदी पाँचथरमा पक्राउ परेका छन् ।

जेनजी आन्दोलनको क्रममा झुम्का कारागारबाट भागेका जबरजस्ती करणी मुद्दाका कैदी पाँचथर मिक्लाजुङ -५ बस्ने वर्ष ५१ का सन्तवीर लावती शुक्रवार साँझ पक्राउ परेका हुन् । उनलाई आफ्नै घरमा लुकिछिपी बसिरहेको अवस्थामा पक्राउ गरी जिल्ला कारागार पाँचथरमा ल्याई राखिएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।


यसअघि विभिन्न कारागारबाट भागेका पाँचजना कैदी पाँचथरमा पक्राउ परेका थिए । हाल जिल्ला कारागार पाँचथरमा जम्मा ५० जना कैदी रहेका छन् ।

# अधुरै रह्यो बाबुआमालाई झापा ल्याउने कमलको सपना

झापा(प्रस) ।वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा तीन वर्ष बिताएर गत वैशाखमा झापा आएका पाँचथरको हिलिहाङ गाउँपालिका- २ अमरपुरका कमल भण्डारी बाबुआमा भेट्न गाउँ गएकै थिएनन् । श्रीमती सीता र पाँच वर्षका छोरा झापामा रहेकाले उनी झापामै बसेर विर्तामोड नगरपालिका- १० बिराटपोखरमा घर बनाइरहेका थिए ।

गत भदौ तेस्रो साता मोबाइलमा कुराकानी हुँदा कमलले बुबा गणेशप्रसाद भण्डारीलाई दसैंसम्ममा घरको भुइँतलाको काम सक्ने बताएका थिए । 'दसैंमा यहाँको घर सिङ्गार्न आइपुग्छु भन्थ्यो', गणेशले भने, 'तर भदौ २४ गते कान्छो छोराले दाजुलाई गोली लाग्यो भनेर सुनायो ।' गणेशलाई देशका मुख्य शहरमा जेन-जीको आन्दोलन भइरहेको र आन्दोलनमा आफ्नो छोरोसमेत सहभागी भएको थाहा नै थिएन ।

घर निर्माण गरिरहेका कमल 'जेन-जी' आन्दोलन चर्किएको समयमा २४ भदौको साँझ आन्दोलनमा सहभागी हुन विर्तामोड





गएका थिए । कमलका भाइ पवनका अनुसार श्रीमती सीतालाई 'धेरै समय बस्दिनँ । एकैछिन आन्दोलनमा गएर आउँछु' भनेर कमल गाउँका अन्य साथीसँग विर्तामोड लागेका थिए ।

रात पर्दै गएपनि कमलको फोन उठेन । श्रीमती सीता, बहिनी मायालगायतले रातैभरि मोबाइलमा फोन गरे । फोन लाग्ने तर कुनै प्रतिक्रिया नआउँदा सबैको मनमा आशंका पसिसकेको थियो । बहिनी मायाका अनुसार गत २५ भदौको बिहान १० बजे कमलको फोन बीएण्डसी अस्पतालका सुरक्षाकर्मीले उठाए । सुरक्षागार्डले 'तपाईंको बिरामी यहाँ हुनुहुन्छ । आएर लिएर जानु' भने । 'हामीलाई केही थाहा नै भएन । हाम्रो दाइ घाइते भएर अस्पतालमा हुनुहुन्छ भनेर हामीलाई कसैले जानकारी पनि गराएनन्', मायाले भनिन्, 'दाजुसँगै आन्दोलनमा आएका अरु कसैले पनि हामीलाई जानकारी गराएनन् । हामीले त चिन्ने कुरै भएन । त्यो समूहमा गएकामा दाजुलाई मात्रै गोली लागेछ ।'

जेन-जी आन्दोलन उत्कर्षमा पुगेका बेला २४ भदौको साँझको खाना खाएर कमल आन्दोलनमा सहभागी हुन विर्तामोड आएका थिए । आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय विर्तामोड छेउमा भएको झडपमा कमलको कन्चटमा गोली लागेको थियो । घाइते कमललाई सुरक्षाकर्मी र आन्दोलनकारीले उद्धार गरेर बीएण्डसी अस्पताल पुऱ्याएका थिए ।

कमलका परिवारजनले भोलिपल्ट मात्रै उनी 'भेन्टिलेटर'मा भएको जानकारी पाए । 'दाजु कस्तो अवस्थामा हुनुहुन्थ्यो भनेर हामीलाई हेर्न नै दिइएन । भाउजू बेहोस अवस्थामा हुनुहुन्थ्यो', बहिनी मायाले भनिन्, 'चिकित्सकले गोली निकाल्न सकेनौं । आफन्त पनि आउनुभएन भन्नुभयो । हामीले थाहा नै पाएनौं भोलिपल्टसम्म । तर, त्यतिञ्जेलसम्म धेरै ढिलो भइसकेको रहेछ ।'

कमलको शवलाई २८ भदौमा अमरपुर लगी दाहसंस्कार गरेपश्चात् काका शान्तिराम भण्डारी र श्रीमती सीता काजक्रियामा बसेका छन् । ५७ वर्षका बाबु गणेश आफैं बिरामले थलिएका छन् । बिरामी आमा खगमायाले राम्रोसँग कान नसुन्ने कमलका भाइ पवनको भनाइ छ ।

झा.जि.हु.क. नं. ९६/०८०/०८१ । झा. जि.प्र.द.नं. १०४/२०६५/१०/०६
www.pratidindaily.com
www.facebook.com/pratidinnationaldaily


## इलामको सूर्योदयमा झाडीमा एक व्यक्ति मृत फेला



झापा(प्रस) । इलामको सूर्योदय नगरपालिका २ बौद्धधामस्थित झाडीमा एक व्यक्ति मृत फेला परेका छन् ।
शनिवार बिहान करिब ७:४० बजे झाडीमा उतानो परी मृत अबस्थामा रहेको भनी स्थानीयले इलाका प्रहरी कार्यालय पशुपतिनगरमा जानकारी गराउनसाथ प्रहरी टोली खटिएको थियो । मृतक पाँचथर फाल्गुनन्द ५ घर भई हाल सूर्योदय ३ स्थित आफ्नै दाजु जितबहादुर नेम्वाङको घरमा बस्दै आएका ३३ वर्षीय योगेश नेम्वाङ रहेको खुलेको छ ।
थप अनुसन्धान तथा कानुनी प्रकृया पूरा गरी शव पोस्टमार्टमको लागि जिल्ला अस्पताल इलाम पठाइएको प्रहरीले जनाएको छ ।

## विपिनसहित ४८ बन्धकको ‘बिदाइ तस्बिर’ सार्वजनिक



झापा(प्रस) । प्यालेस्टिनी विद्रोही लडाकु हमासले आफ्नो नियन्त्रणमा रहेको विपिन जोशीसहित ४८ जना बन्धकको ‘बिदाइ तस्बिर’भन्दै शनिबार सार्वजनिक गरेको छ ।दोहा मुख्यालय रहेको अलजजिरा अनलाइनका अनुसार हमासको कसाम ब्रिगेड्सले सार्वजनिक गरे पनि उनीहरुको अवस्था र विस्तृत विवरण खुलाइएको छैन । प्रत्येकलाई १९८६ मा लेबनानमा हराएका इजरायली वायुसेनाका कप्तान रोन अराडको नाम राखिएको छ ।
इजरायलले गाजा क्षेत्रमा सैन्य आक्रमण तीव्र बनाइरहेको बेला बन्धकहरुको जीवन जोखिममा रहेको भन्दै हमासले बिदाइ तस्बिर सार्वजनिक गरेको हो ।विपिनसहित ४८ जना ७ अक्टोबर २०२३ देखि हमासको नियन्त्रणमा छन् ।

## सीके राउतबाट फुटेर जनस्वराज पार्टी घोषणा



झापा(प्रस) । न्यायपूर्ण, समृद्ध र आत्मनिर्भर राष्ट्र निर्माणको उद्देश्यसहित सीके राउतको जनमत पार्टीबाट फुटेर इन्जिनियर दीपकुमार साहको संयोजकत्वमा जनस्वराज पार्टी घोषणा गरिएको छ ।
असोज ३ र ४ गते जनकपुरमा आयोजित प्रशिक्षण कार्यक्रमबाट जनस्वराज पार्टीको घोषणा गरिएको संयोजक साहले जानकारी दिए ।
भेलाले साहको संयोजकत्वमा प्रशिक्षण विभाग र इन्जिनियर सुरेन्द्रनारायण यादवको संयोजकत्वमा आर्थिक विभागसमेत गठन गरेको छ । पार्टी संयोजक साह यसअघि जनमत पार्टीको राष्ट्रिय उपाध्यक्ष र आर्थिक विभाग संयोजक यादव जनमतकै कोषाध्यक्ष थिए ।
उक्त पार्टीले कार्यकारी राष्ट्रपतीय प्रणाली र पूर्णसमानुपातिक निर्वाचन प्रणाली लागू गर्न, बेथिति र भ्रष्टाचारमुक्त, पारदर्शी र जवाफदेही राजनीति स्थापित गर्न, शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चिततासहित मुलुक सुहाउँदो पूर्वाधार विकासलाई प्राथमिकता दिनेलगायत उद्देश्य लिएको संयोजक साहले जानकारी दिए ।

# धरान उपमहानगरले ल्यायो दुई अर्ब २० करोडको बजेट

झापा(प्रस) ।धरान उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ । शनिवार १७ औँ नगरसभामा धरानका उपप्रमुख अइन्द्रविक्रम बेघाले आव २०८२/८३ का लागि रु दुई अर्ब २० करोड ७४ लाख ५९ हजारको बजेट प्रस्तुत गरेका छन् ।
बजेटको स्रोतमा आन्तरिक राजस्वबाट रु ८० करोड ५३ लाख ६५ हजार, सङ्घीय सरकारबाट अनुदान रु ८९ करोड २९ लाख, प्रदेश सरकारबाट अनुदान रु सात करोड ७३ लाख ४४ हजार, राजस्व बाँडफाँटबाट रु ३४ करोड १८ लाख ५० हजार, सडक बोर्डबाट रु दुई करोड र गत वर्षको मौज्दातबाट रु सात करोड प्राप्त हुने अनुमान गरिएको छ ।
सहरी योजना तथा भौतिक पूर्वाधार विकासततर्फ रु ६६ करोड ९४ लाख, शिक्षा, युवा तथा खेलकुदतर्फ रु ४६ करोड ८५ लाख, स्वास्थ्यतर्फ रु छ करोड ९९ लाख ९५ हजार, सामाजिक विकासतर्फ रु चार करोड ८६ लाख ४५ हजार विनियोजन गरिएको छ ।
साथै आर्थिक विकासतर्फ रु एक करोड २ ९ लाख, वन वातवरण ऊर्जा तथा विपद् व्यवस्थापनतर्फ रु दुई करोड ७४ लाख ५० हजार, कानुन तथा न्याय सम्पादनतर्फ रु २० लाख, सार्वजानिक जग्गा संरक्षणतर्फ रु १५ लाख, राजस्व परिचालनतर्फ रु ४३ लाख र नगर भिजन कार्यक्रमतर्फ रु पाँच करोड पाँच लाख विनियोजन गरिएको छ । चालु आवका लागि धरानका २० वटा वडाका लागि रु २१ करोड विनियोजन गरेको छ ।
त्यसैगरी नगर कार्यपालिकातर्फ निःसर्त विनियोजन र एक अर्ब ३१ करोड ९२ लाख ८२ हजार, ससर्त अनुदानबाट रु ६० करोड ५६ लाख ७७ हजार, समपूरक बजेटबाट रु एक करोड ८२ लाख र विशेष अनुदानबाट रु पाँच करोड ४३ लाख विनियोजन गरिएको छ ।

नगरपालिकाले बजेटमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, सामाजिक विकास, विपद् व्यवस्थापनलगायतका क्षेत्रमा बजेट प्राथमिकता दिइएको उपप्रमुख बेघाले बताए ।


मानसिक स्वास्थ्य प्रति सचेत बनौं ।

- निराश हुनु,
- तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

मानसिक रोगका लक्षण हुन्
मानसिक समस्या निदानको लागिः

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रुपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


## एभरेष्ट फ्रेस एण्ड फेसन हाइपरमार्केटमा ५० प्रतिशतसम्म छुट

बिर्तामोड(प्रस) ।बिर्तामोडमा सञ्चालनमा रहेको एभरेष्ट फ्रेस एण्ड फेसन हाइपरमार्केटले बडादशैं धमाकाअन्तर्गत ५० प्रतिशत छुट दिएपछि ग्राहकहरुको भीड लागेको छ ।
दुई वर्षअघि बिर्तामोडमा आफ्नो सेवा विस्तार गरेको हाइपरमार्केटले प्रत्येक वर्ष दशैं विशेष छुट कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस वर्ष पनि ग्राहकहरुका लागि त्यस अफरलाई निरन्तरता दिएको हो । हाइपरमार्केटले दशैं धमाकाअन्तर्गत शुक्रवारदेखि लागू हुने गरी दशैंको नवमीका दिनसम्म १३ दिने विशेष अफर सञ्चालन गरिएको मार्केटका सञ्चालक चान महमदले जानकारी दिए । कपडासहित जुत्ता चप्पलको खरिदमा एमआरपी मूल्यमा ५० प्रतिशतसम्म छुट दिइनेछ भने किराना सामग्री खरिदमा बजार मूल्यभन्दा सस्तोमा सामग्री उपलब्ध गराइने सञ्चालक महमदको भनाई छ ।
‘भारतीय बजारसँगको तुलनामा सुलभ मूल्यमा गुणस्तरीय सामग्री प्रदान गरिनेछ ’महमदले भने ‘चाडपर्बको समयमा दुई रुपैयाँ सस्तो पर्ने लोभले हामी भारतीय बजारहरुमा जाने गरेका छौं तर, भारतीय बजारकै मूल्यमा गुणस्तरीय सामान यहीँ उपलब्ध छ । ’
उनका अनुसार पाँच हजार बढीको सामग्री खरिद गर्ने ग्राहकलाई फ्रि होम डेलिभरीको व्यवस्था गरिएको छ । हाइपरमार्केटमा लत्ताकपडा मात्र होइन, खाद्यान्नसहित फलफूल र तरकारी पनि बजार मूल्यभन्दा सस्तो उपलब्ध छ ।
कृषकले उत्पादन गरेको फलफूल र तरकारी विचौलियाको हातमा नपरी सिधै हाइपरमार्केटमा आउने भएकाले पनि बजार मूल्यभन्दा सस्तो र गुणस्तरीय रहेको उनको दावी छ । त्यस्तै मार्केटमा आएर टिकटक बनाउनेहरुका लागिसमेत उत्कृष्टताको आधारमा पुरस्कृत गरिने भएको छ । जसमा पहिलो, दोस्रो र तेस्रो पुरस्कारको व्यवस्था गरिएको छ । उक्त पुरस्कारअन्तर्गत पहिलो पुरस्कार पाँच हजार, दोस्रो तीन हजार र तेस्रो पुरस्कार दुई हजार रुपैयाँ प्रदान गरिने छ ।

ग्राहकको सुविधालाई ध्यानमा राखेर हाइपरमार्केटले विशेष सुविधाको व्यवस्था गरेको दावी गरेको छ । विहान पाँचबजेदेखि राति १२ बजेसम्म ग्राहकले सेवा लिन सक्नेछन् । विशेषगरी विहानको समय गृहिणीलाई लक्षित गरी पहाडमा उत्पादित तरकारी तथा फलफूल ताजै उपलब्ध गराउने मार्केटको उद्देश्य रहेको छ ।

अफर कार्यक्रमको शुभारम्भ बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले गरेका छन् । कार्यक्रममा बिर्तामोड उद्योग बाणिज्य संघका उपाध्यक्ष जीवन खड्कालगायतको आतिथ्य रहेको थियो भने सञ्चालक मुन्ना हुसेन, मुन्नाज हुसेन, मुनताज हुसेन, मेनेजर गणेश भुजेल, प्रेमा विष्टलगायतको उपस्थिति रहेको थियो ।





कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्कः ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१


## श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लि.

बिर्तामोड ४, झापा

### शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति- २०८२ असोज ५ गते)

यस संस्थाको नाममा दर्ता कायम रहेको तपशिलमा उल्लेखित गैर-बैकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं संस्थाको नियम अनुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको लेना असुल उपर गरिने हुँदा सो सम्पति खरिद गर्न इच्छुक ब्यक्ति/फर्म/संस्थाबाट तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| १ | साविक शनिश्चरे गा.वि.स वाड नं.०२, हाल अर्जुनधारा न.पा वडा नं.०८, झापा | २१६५ | ८४.६५ व.मि. |
| २ | साविक धुलाबारी गा.वि.स वडा नं.०४, हाल मेचीनगर न.पा वडा नं.०९, झापा | २५९७<br>२५९८ | १६९.३० व.मि.<br>१६९.३० व.मि. |
| ३ | साविक गरामनी गा.वि.स वडा नं.०९, हाल बिर्तामोड न.पा वडा नं.१०, झापा | १८१ | २२० व.मि. |
| ४ | साविक शिवगञ्ज गा.वि.स वडा नं.०१, हाल शिवसताक्षी न.पा वडा नं.०६, झापा | ८२<br>६६ | १०१.५७ व.मि.<br>१०१.५७ व.मि. |
| ५ | साविक शनिश्चरे गा.वि.स वाड नं.०७, हाल अर्जुनधारा न.पा वडा नं.११, झापा | ७२२० | ८८.८८ व.मि. |

**शर्तहरु**

१. बोलपत्र सम्बन्धी फारम संस्थाको मुख्य कार्यालयबाट रु.१००० (अक्षरेपी एक हजार रुपैयाँ मात्र) (फिर्ता नहुने) तिरी खरिद गर्न सकिने छ ।
२. बोलपत्र दाखिला गर्दा आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको ग्लोबल आइ एम ई बैकमा रहेको खाता नं ०५८०१०१००००११२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्दछ ।
३. लिलाम बिक्री गर्ने जग्गा स्थलगत हेर्न चाहने ब्यक्ति/फर्म/संस्थाहरुले कार्यालय समयमा संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
४. दा.खा नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण रकम बोल कबोलवालाले ब्यहोर्नु पर्दछ ।
५. बोलपत्र स्वीकृत भएको मितिले १५ दिनभित्र बाँकी रुपैयाँ मात्र दाखिला गरी नामसारी गरि लिनु पर्दछ । अन्यथा धरौटी रकम संस्थाले जफत गर्न सक्नेछ ।
६. अन्य - बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८२ असोज १९ गते कार्यालय समयभित्र
बोलपत्र खोलिने मिति : २०८२ असोज २० गते, सोमबार
समय : दिनको १:०० बजे
स्थान : संस्थाको केन्द्रीय कार्यालय, बिर्तामोड ०६, कृषिथोक

## माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड- ४ ,भद्रपुर रोड , झापा

### जग्गा बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/०६/०५

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. को नाममा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जग्गा बिक्री गर्नुपर्ने भएकाले यस संस्थाको साधारण सभाले दिएको अधिकार प्रयोग गरी संचालक समितिको मिति २०८२/०६/०४ बसेको आ.व.२०८२/०८३ को तेस्रो बैठकको निर्णय अनुसार डाक बढाबढ गरी लिन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त जग्गाको न्यूनतम मूल्य रु. १,८०,००,००० (अक्षरेपी एक करोड अस्सी लाख) मात्र नघटाई इच्छुक खरिदकर्ताले यो सूचना प्रकाशित भएको १५ दिनभित्र संस्थामा उपस्थित भई कबोल अंकको २५% प्रतिशत धरौटी रकम संस्थाको नाममा रहेको बैंक खातामा रकम जम्मा गरेको सक्कलै भौचर र बोलपत्र दस्तुर समेत समावेश गरी गोप्य शिलवन्दी निवेदन पेश गर्नुहुन सबैमा यो सूचना प्रकाशन गरिएको छ । अन्य सर्तहरु निम्न बमोजिम रहने छन् ।

**तपशिल**

| क.स | जग्गाधनीको नाम | ठेगाना | जग्गाको विवरण |
|---|---|---|---|
| १ | माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | साविक झापा जिल्ला चारपाने गाविस वडा नं ६ हाल झापा जिल्ला बिर्तामोड न.पा वडा नं. २ | मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको साबिक चारपाने हाल बिर्तामोडको कि.नं.२३३०, १७३९, १७४० क्षेत्रफल १०१५.८९ , ६७७.२६ , ५५८७.३८ को जग्गा र सो ले चर्चेको लिग लगायत समेत |

**अन्य शर्तहरुः**

१. बोलपत्र पेश गर्दा रु.५०५/- दस्तुर लाग्नेछ ।
२. मिति २०८२ साल असोज महिना २७ गते सोमबारका दिन (उक्त दिन कुनै कारणवस बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन)दिनको २ बजे संस्थाको कार्यालयको स्थानमा डाक बढाबढ सम्बन्धी गोप्य शिलबन्दी खोलिनेछ ।
३. रकम कबोल गर्दा रकम कबोल गर्नेद्वारा कुनै शर्त राख्न पाइने छैन ।
४. बोलपत्रमा भाग लिन इच्छुक व्यक्ति स्वयम् आफ्नो सक्कलै नागरिकता लिएर उपस्थित हुनु पर्नेछ । संगठित संस्थाको हकमा रितपूर्वकको अख्तियारी तथा संगठित संस्थाको दर्तासँग सम्बन्धित कागजातहरुसहित उपस्थित हुनु पर्नेछ। संस्थाले बोलकबोल अंक स्वीकृत गरेको खण्डमा सोही व्यक्ति वा संगठित संस्थाकै नाममा सम्पत्ति दाखिल खारेज गर्न सिफारिस गरी पठाउनेछ ।
५. बोलपत्र सवैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संगठित संस्थाले आफूले कबोल गरेको रकमको कम्तीमा २५% प्रतिशतले हुन आउने रकम बैंक मार्फत यस संस्थामा तत्काल जम्मा गर्नु पर्नेछ । धरौटी रकममा कुनै व्याज दिइने छैन र प्रस्ताव स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी फिर्ता रकम फिर्ता दिइने छैन ।
६. बोलपत्रमा सवैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संगठित संस्थालाई सम्पत्ति विक्री गर्ने वा नगर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. सवैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संगठित संस्थालाई सम्पत्ति विक्री गर्ने वा नगर्ने निर्णय संस्थालाई बढाबढ भएको २ दिनभित्र गरी सो को सूचना बोलकबोलवालालाई दिइनेछ र बोलकबोलवालाले त्यस्तो सूचना प्राप्त गरेको सात दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सार्वजनिक विदा भएमा समय थप हुने छ ।
८. सम्पत्ति दाखिल खारेज नामसारी गर्दा लाग्ने नेपाल सरकारको सम्पूर्ण दस्तुर वा राजश्व तिर्नु पर्नेछ ।
९. डाक बढाबढमा भाग लिने व्यक्ति वा संगठित संस्थाले माथि उल्लेखित धितोहरु मध्ये सम्पूर्ण कित्ताहरुको बोलकबोल गर्नु पर्नेछ। अन्य जानकारीको लागि यस संस्थाको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।


**बोलपत्र खोल्ने मितिः- २०८२ साल असोज महिना २७ गते**
**समयः- दिनको ठिक २ बजे**
**स्थानः- संस्थाको कार्यालय बिर्तामोड- ४ ,भद्रपुर रोड , झापा**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## मेरो दिवा सपना



डम्बर कार्की

मैले नर्तकिई नाचेको देखेँ,
त्यो भीडमा, त्यो कोलाहलमा,
अग्निका लप्काबीच,
मैले नै खनेको
आफ्नै कब्रस्तानमा।

भस्मासुरको ताण्डव थियो—
असुर संहार गर्न निस्किएको म,
तर चिहानका ढोकाबाट
फर्केर हेरेँ—
आफैँले आफैँलाई
गरेको त्यो मौन कत्लेआम।

भावनाका प्रेतहरू
ढोलक ठोक्दै थिए,
र म—
कालो ओढेर
खरानीको थुप्रोमाथि
चण्डाल नाचिरहेको थिएँ।

कब्रस्तानको शून्यताभित्र
मैले आफैँलाई देखेँ—
बिना डर, बिना देह,
अस्तित्वविहीन अवस्थिति,
जहाँ न 'म' थिएँ,
न 'मेरो' भन्ने केही बाँकी।

यो सपना थियो कि यथार्थ?
सपनामा बाँचिरहेको थिएँ
वा यथार्थमै म मरेको?

विपनामा—
शरीर ललिएको,
चेतना बन्धक,
धड्कनविहीन
म
मरेको मन बोकेर
बाँचिरहेछु।

मेरो दिवा सपनामा,
म जीवित छु कि मृत?

त्यो गर्भगृहबाट निस्किएको
धुवाँको मुस्लो—
मेरो चेतनाको खरानी उडाउँदै छ?
कि
मेरो अस्तित्वको चिता बाल्दैछ?

के म सपना देखिरहेको छु?
वा
चण्डाल झैँ
आफ्नै मृत्यु नाचिरहेको छु?

गजल

## मलाई डर लाग्छ



दूरगामी माइला

मलाई डर लाग्छ तिम्रै मुस्कानको डर लाग्छ।
तिमी नहुँदा पनि त यो जिन्दगी बगर लाग्छ।

कसैले च्यातेको प्रेमपत्र जलाएर आगो ताप्नु हेर
रद्द गरिएका पानाका शब्द नै फेरि सदर लाग्छ।

म रनभुल्लमा परेको हुँ आजभोलि आफैँभित्र
किन यो जिन्दगीको घर-छर पनि बेघर लाग्छ।

तिमी दिलमा बसेदेखि हो मैले दुनियाँ भुलेको
आजभोलि हरेक मान्छेको बोली पत्थर लाग्छ।

यो मायाको पूर्ण साम्राज्यमा तिमी रानी बन्नु अब
नबुझ्नेलाई त प्रेमको परिभाषा नै अक्कर लाग्छ।

# माटोको माया



• ईश्वरीप्रसाद घिमिरे

धनीराम गाउँका एक मेहनती, इमानदार र परिश्रमको प्रतीक हुन् । गाउँका सबैले उनलाई अहिलेसम्म पत्याएकै छन् । उनी गाउँका धनीमानी व्यक्ति होइनन् । दुःखजिलो गरेर दुईचार मुरी अन्न बिक्री गरी परिवार पालनपोषण गर्दै आएका सामान्य व्यक्ति हुन् । पण्डित बाजेले न्वारानमा राखिदिएको उनको नाम धनीराम हो (धनिराम थापामगर) तापनि उनी भौतिक सम्पत्तिका धनी कहिल्यै हुन सकेनन्, केवल भावनाका धनी मात्र भइरहे । उनी कसैप्रति रिस, डाहा, ईर्ष्या गर्दैनथे र जस्तोसुकै दुःख आइपर्दा पनि विचलित हुँदैनथे । उनले कहिल्यै पनि आफ्नो भाग्यलाई दोष दिएनन् । उनले जीवनमा कसैप्रति द्वेषभाव पनि राखेनन् । कुनै पनि कुरामा दोष देखाउने र अर्कालाई अपजस लगाउने काम गरेनन् ।

कुनै वर्ष असिना परेर बालीनाली नष्ट हुँदा पनि उनी निराश हुँदैनथे र दैवप्रति केही गुनासो गर्दैनथे, प्रकृतिको नियमै यस्तै हो भनेर प्रकृतिको नियममा विश्वास राख्थे । उनी आफ्नो मेहनत अनुसार प्राप्त हुने फलमा नै सदैव खुसी र सन्तुष्ट रहन्थे । आफूले परिश्रम गरे अनुसारको फलमा सन्तुष्ट हुनु पर्छ, कसैलाई छलेर ढाँटेर खानु महापाप हो भन्ने ठम्याइ उनमा थियो । सकेसम्म दुःखी गरिबलाई सहयोग गर्नु पर्छ, व्यवहारमा कसैको मन दुःखाउनु हुन्न भन्ने पवित्र भावनाले ओतप्रोत भएका थिए उनी । साँच्चै भन्नु पर्दा उनी भगवान्ले रचिदिएका एक आदर्श मानव थिए ।

दुई छोरा र तीन छोरीका बाबु धनीरामले आफ्ना सन्तानप्रतिको आफ्नो कर्तव्य पूरा गरिसकेका छन् । छोराछोरी सबैलाई गाउँको हाइस्कुलबाट एसएलसीसम्मको पढाइपछि बिहेदान गरिसकेका छन् । अहिले उनका १२/१३ जना नातिनातिना पनि भइसकेका छन् । उमेरले ७० वसन्त पूरा गरिसकेका धनीराम आफूभन्दा उमेरले दुई/चार वर्ष कान्छी उमेरकी बुढीसँग गाउँमै बसेका छन् । उनीहरू दुवैलाई अहिलेसम्म बाहिर देखिएको कुनै रोग व्यथा छैन । वर्षमा एक/दुई पटक रुघाखोकी लाग्नु स्वाभाविक हो । त्यस्तै पाँच/छ वर्षको छँदा गाउँमा शीतलाको खोप लगाउन बाहिरबाट मानिसहरू आएका थिए । तिनीहरूले पाखुरामा खोप लगाइदिएका थिए । खोप लगाएको घाउ पाक्यो । खोप लगाएको ११ दिनपछि गाउँमा बुढापाका जम्मा भएर चिलाउनेको रुखमुनि शीतलाको पूजा गरेको चाल पाउँछन् उनी तर त्यो खोप खोइ किन लगाएको हो, अहिलेसम्म थाहा छैन उनलाई । त्यो खोप लगाएको ठाउँमा घाउ भएर पाकेको थियो । त्यस ठाउँमा अहिलेसम्म पनि घडी जत्रो खत बाँकी छ । त्यसबाहेक उनीहरूले अहिलेसम्म जुकाको औषधी पनि खाएका छैनन् ।

२० वर्षको उमेरमा भाइहरूसँग छुट्टीभिन्न भएर जो मिलेको पैतृक अंश लिएर बसेका धनीराम बाबुआमाका जेठा छोरा हुन् । बाबुआमा र भाइहरूलाई पैतृक घर छाडेर धनीरामले छुट्टिएको एक सालभित्रै बार्दली झिकेको एकतले घर खडा गरेका थिए । रगतपसिना बगाएर बनाएको त्यही घरमा उनको गहिरो भावनात्मक सम्बन्धले जरा गाडेको छ । घर भन्ने शब्द सामान्य हिसाबले हेर्दा एउटा निश्चित संरचना अनुसार बनेको भौतिक वस्तु बुझिन्छ तर भावनात्मक अर्थमा बुझ्नुपर्दा यसले अझ व्यापक र धेरै कुरालाई इङ्गित गरेको हुन्छ ।

अङ्ग्रेजी भाषामा 'हाउस' भन्दा एउटा निश्चित स्वरूपको भौतिक संरचनाको घर मात्र भन्ने बुझाउँछ भने 'होम' भन्नाले भौतिक संरचनाका साथै त्यसभित्र बस्ने घरपरिवारका सदस्यलगायत घरमा पालिएका पाल्तु जनावर, खेती, बाली, छरछिमेक, साथीभाइ, नातागोता, समाज, धर्म, संस्कारसम्मलाई इङ्गित गरेको हुन्छ । त्यस्तै धनीरामको घर पनि यी सब कुराले भरिपूर्ण एउटा भावनाको प्रतिमूर्ति हो किनकि उनको घरमा परिवारका सदस्यहरू मात्र होइन; गाई, भैँसी, गोरु, कुखुरा, हाँस, भेडा, बाख्रा, कुकुर, बिरालोसमेत उनैको आर्जनमा आश्रित थिए । उनका खेतबारीमा अन्नबाली झुलेका हुन्थे, घरबारीमा मौसम अनुसारका फलफूल फलेका हुन्थे । त्यही नै उनको भावनाको घर हो । उनलाई सहरमा छोराहरूले बनाएका घरमा गएर बस्न मन लाग्दैन । त्यहाँ न उनको रगतपसिना भिजेको छ; न त उनको भावनासँग जोडिने कुनै वस्तु नै छ । न छरछिमेक, साथीभाइ पाउँछन्; न त पानी नमिसाएको शुद्ध भैँसीको दुध खान पाउँछन् । उनको विचारमा सहरका घर त केवल एउटा बास बस्ने र रात काट्ने ओडार जस्तो मात्र हो । त्यहाँ उनले न वल्लोपल्लो घरको छिमेकी नै चिनेका छन् न त आफ्नै घरमा डेरामा बसेकालाई चिनेका छन् । सहरका मानिसले केवल पैसा चिनेका छन्, मानवीयता र मानवीय भावना चिनेका छैनन् । पानी खान पनि पैसा तिर्नुपर्ने सहरको बसाइ त केवल लुटिने, लुटाउने, लुट्नेहरू बसेर कृत्रिम जीवन बिताउने ठाउँ जस्तो लाग्छ उनलाई ।

उनीसँगैका दोस्ती, दवाँली धेरै त भारतीय सेनामा भर्ती भए; कोही कोही बेलायती सेनामा पनि पुगेका छन् । कति नेपाली सेना, प्रहरीमा भर्ना भए; कोही कलकत्ता, दिल्ली, बम्बई गएर पैसा कमाएर आए । कति त नराम्रा रोग लिएर आए र भगवान्का प्यारा पनि भइसके । अहिले गाउँका उनका उमेरका धेरै साथीको पेन्सन आउँछ तर धनीराम धनको धनीराम छैनन् नामको मात्र धनीराम रहे । कहिलेकाहीँ उनकी बुढीले पनि उनलाई धनकै कुरामा जिस्क्याउने गर्छिन् । तिन्टी छोरी बिहे गरेर पारि गाउँमा दिएका उनीहरू पनि अहिले गाउँमा छैनन् । चितवन, मधेशतिर बसाइँ सरेर गइसके । वर्षमा एक पटक हिउँदमा भेट गर्न आउँछन् । दुई भाइ छोरा पनि एसएलसी पास गरेर सहर पसेपछि उतै बिहे गरेर घरजम गरे, थातथलो जमाए । गाउँ फर्किने सम्भावना छैन ।
छुट्टीभिन्न भएपछि ढुङ्गामाटोको जोडाइमा बनाएको घर २०७२ सालको महाभूकम्पले छियाछिया पारेर गयो । बस्न नहुने भयो । छोराहरू सहरबाट आएर बाउआमालाई उतै लैजान प्रयास गरेर सहरमा लगे पनि । त्यहाँ एक हप्ताजति के बसेका थिए, सहरको वातावरण र रहनसहनमा उनी रत्तिन सकेनन् । भत्किएको भए पनि उनको भावनाको घर गाउँमै थियो, उनले घरको माया मार्न सकेनन् । एक हप्तापछि बुढी अगाडि लगाएर गाउँमै फर्किए । जस्ताको अस्थायी छाप्रो बनाएर एक साल त्यही छाप्रोमा बिताए । घर बनाउन सरकारी सहयोगका लागि उनको पनि नाम दर्ता भइसकेको थियो । गाउँमा सरकारी प्राविधिक आए । केही सरकारी सहयोग रकम पनि आयो, नपुग रुपियाँ आफैँले थपथाप गरेर एउटा सानो भूकम्पप्रतिरोधी घर बनाएका छन् । त्यसो त धनीराम आफैँ पनि गाउँको एउटा सिपालु डकर्मी हुन् । उनले गाउँका कतिको घर, धन्सार बनाइदिएका थिए; त्यसको हिसाब छैन ।

पहिले परिवारबाट छुट्टिएपछि र दोस्रो २०७२ सालको महाभूकम्पपछि उनले पुर्ख्यौली थलोमा दुई दुई पटक घर बनाए । यो ठाउँमा दुई पटक घर बनाउँदा उनले परिश्रम र पसिना कति बगाए होलान् ? त्यो पाटो महत्वपूर्ण छ । त्यसैले त उनको घरसँग गहिरो भावनात्मक सम्बन्ध जोडिएको छ । त्यही घरमा पाँच सन्तान सग्लोसँग जन्मिएर लालनपालन गरे । उनीहरू बढे, पढे, हुर्किए । बिहादान भयो, आआफ्ना हिसाबले कमाइ गर्न सहर पसे । छोरीहरू विवाह गरेर आफ्नै घर गए र घरजम बसाए । यो घर धनीरामका लागि फापेको लच्छिनको घर हो, परिश्रम र पसिनाको पुञ्ज हो । अतीतको सम्झनाको धरोहर हो ।

७० वर्ष नाघेका र जीवनको लामो समय ढुङ्गामाटोसँग खेलेका धनीराम पहिले जस्तो परिश्रम, मेहनत गर्न सक्दैनन् । आफू दुई जनालाई खान पुग्नेसम्म घरबारीको जग्गा खेती गरेका छन् । वस्तुको नाममा पनि एउटा दुहुनो भैँसीका माउपाडा मात्रै छन्, अनि गोडाचारेक कुखुरा छन् । अरू जग्गाजमिन बाँझै छ । गाउँमा काम गर्न सक्ने बलिया ठिटाहरू छैनन् । रोजगारीका लागि कोही सहर पसे, कोही विदेश हानिए । गाउँमा धनीरामको उमेर समूहका दोस्तीदौँतरी छ/सात जना अझै बाँकी छन् । हिजोआज उनीहरूको दैनिकी बिहानको खाना खायो, सामान्य केही काम भए गऱ्यो अनि डाँडाको शमी चौतारामा भेला भई पुराना कहानी सुनाएर बित्छ । त्यसमा भारतीय, बेलायती नेपाली सेना प्रहरीबाट रिटायर भएकाहरूले सेनामा छँदा तालिम गर्दाका समयको दुःख र लडाइँमा भोग्नु परेका कथाव्यथा सुनाउँछन्, नेपाली सेना र प्रहरीबाट रिटायर भएकाहरू माओवादी द्वन्द्वमा भोगेका कठिनाइ र ज्यान जोगिएकोमा आफूलाई भाग्यमानी सम्झन्छन् । यही समाजमा रमाएका छन्– धनीराम । उनको भावनात्मक सम्बन्ध गाँसिएको घर यही हो । यही माटो उनका लागि प्यारो छ ।

# पीपलमुनि जन्मेको मित्रता!



• हेमन्त नाथ

काठमाडौँको बिहानैको चिसो हावा ग्रामीण आदर्श बहुमुखी क्याम्पसको गेटअगाडि पीपलको पात हल्लाउँदै थियो।

बिहानको सूर्य अझै कोमल थियो र सडकमा देखिने धुलो, भीड र गाडीको आवाजबिच पनि त्यो पीपलको बोट शान्त र स्थिर उभिएको थियो। मानौँ यो बोटले धेरै वर्षदेखि नयाँ-नयाँ विद्यार्थीहरूको आगमन र बिदाइ नियालिरहेको होस्।

विद्यालय जीवनमै काठमाडौँको गल्ली-गल्ली चिनेको भए पनि कलेज जीवनको पहिलो दिन भने मेरो लागि नयाँ र उत्साहित क्षण थियो। क्याम्पसको गेटबाट भित्र पस्दा कोही नोट पल्टाइरहेका थिए, कोही गफ गर्दै हाँसिरहेका थिए, कोही भने टाउको झुकाएर मोबाइलमा व्यस्त। म भने शान्त भएर वरिपरि नियालिरहेको थिएँ यी नै मध्ये कोही मेरो भविष्यका साथी बन्नेछन् भन्ने सोच्दै थिएँ।

कक्षा सुरु भयो, सुरु-सुरुमा त बस्ने ठाउँ, किताबमा ध्यान गयो। तर बिस्तारै मित्रताको बीउ उम्रिन थाल्यो। खास गरी ब्रेक टाइममा धेरै साथीसँग चिनजान भयो। चिया पसलमा सँगै जाने, एक कप चिया र केही गफमा आधा घण्टा बित्ने, कहिलेकाहीँ चियाभन्दा पनि गफ नै लामो हुने, यही क्रममा धेरै साथी बने, हाँसो-ठट्टा र पढाइ, यिनै कुरामा समय बित्दै जान्थ्यो।

साँचो मित्रता कलेजको चिया पसलमा जन्मिन्छ र जीवनभर मनमा बस्छ।

एक वर्ष त्यस्तै रमाइलो गर्दै बित्यो। कहिलेकाहीँ त लाग्थ्यो, यो दिन कहिल्यै सकिँदैन। तर समय भने आफ्नो गतिमा अगाडि बढिरहृयो।

दोस्रो वर्ष सुरु हुँदा मेरो जीवनमा तीन विशेष पात्र जोडिए; मनिष, सुमित र प्रेम। सुरुमा त उनीहरूसँगको मित्रता सामान्य थियो। दुई चार दिनमै नमस्ते, खाना खाइस्? आज क्लास रमाइलो भयो है जस्ता हल्का कुरा हुँदै गयो। तर थोरै समयमै त्यो सामान्य परिचय असाधारण सम्बन्धमा बदलियो।

हामी चार जनाको टोली मानौँ एकअर्काको वरिपरि घुम्ने ग्रहजस्तो जति सँगै हुँदा पनि नअघाएर बस्न नसक्ने क्लासमा सँगै बस्ने, ब्रेकमा सँगै निस्कने, असाइनमेन्ट गर्दा सल्लाह दिने अनि कहिलेकाहीँ त सानो गल्तीका लागि एकअर्कालाई जिस्काउने।

प्रेम हाम्रो टोलीको 'कमेडी किङ' थियो। उसको बोल्ने शैली, मजाक गर्ने तरिका र सानो कुरा पनि रमाइलोमा बदल्ने क्षमता थियो, त्यसैले हामी धेरै तनाव भएको बेला पनि हाँस्ने मौका पाउँथ्यौँ।

सुमित अलिकति सोझो स्वभावको थियो तर स्टाइल गर्ने चाह भने उसको छुट्टै स्तरको थियो। उसको हिँड्ने ढंग, कपालको स्टाइल, र फोटो खिचाउने पोज मानौँ कुनै म्युजिक भिडियोको हिरो हो।

मनिष भने हामीमध्ये सबैभन्दा अग्लो, गम्भीर तर नजिकिँदा निकै आत्मीय स्वभावको थियो। ऊसँग म अलि बढी कुरा शेयर गर्थें। पढाइ मात्र होइन, व्यक्तिगत कुरा, मनका कुरा, कहिलेकाहीँ त पीडासम्म पनि साटासाट हुन्थ्यो।

कसैसँगको मित्रता यति गहिरो हुन्छ कि जीवनका सबै ऋतुहरू उनीहरूकै संगतमा सुन्दर देखिन्छन्।

हामी चार जनाले कलेज जीवनको हरेक क्षणलाई विशेष बनायौँ। कहिले कक्षा सकेर बाइसधारातिर घुम्न निस्कन्थ्यौँ, कहिले चिया पसलमा बसेर भविष्यका सपनाबारे कुरा गर्थ्यौँ। हाम्रो कलेज नजिकै सिनेमा हल थियो कहिलेकाहीँ चलचित्र हेर्नको लागि हलसम्म पुग्ने गर्थ्यौँ अनि कहिलेकाहीँ त कलेजको आँगनमै बसेर घाम ताप्दै रमाइलो गर्थ्यौँ।

हामी चार जना केवल साथी मात्र होइन, कलेज जीवनका सहयात्री थियौँ। एक अर्काको हाँसो, रहस्य र साना-ठुला सपना हामीले साझा गरेका थियौँ। कलेजको क्यान्टिनमा सानो टेबल हाम्रो 'आधिकारिक बैठक कोठा' जस्तै थियो। त्यहीँ बसेर हामी कहिले चिया, कहिले समोसा, कहिले त केवल पानीमै संसारका सबै समस्याको समाधान खोज्थ्यौँ।

परीक्षा नजिकिँदा पनि हाम्रो रुटिन खासै बदलिँदैनथ्यो। कहिले एकअर्कालाई पढाइको बहानामा भेटेर अन्त्यमा चिया पसलमा पुऱ्याइदिने बानी हामीमा पक्कै सुधारिएको थिएन।

एक पटक कलेजको सांस्कृतिक कार्यक्रममा हामी चारै जना सहभागी भयौँ– कसैले गीत गायो, कसैले कविता सुनायो, कसैले नाच्यो र कसैले सबैको भिडिओ खिच्यो। त्यो दिनको रमाइलो अझै पनि हाँसोले याद आउँछ।

हामीलाई थाहा थियो, यो समय फेरि फर्किँदैन। त्यसैले हामी हरेक क्षणलाई चित्रजस्तो मनमा कोर्दै गयौँ।

कलेज सकिएको धेरै वर्ष भइसक्यो तर हाम्रो मित्रताको डोर अझै पनि अटुट छ। अब हामी नेपालमा सँगै भेटिने मौका कम भए पनि मोबाइलको सानो पर्दाले हामीलाई टाढा हुन दिँदैन।
साथीहरू अध्ययन र घरायसी समस्या भएकाले देश बाहिर रहेका छन् तर त्यो दूरीले हाम्रो मनलाई कहिल्यै टाढा बनाउन सकेको छैन।

संसारका फरक-फरक ठाउँमा भए पनि हामी एक अर्कासँग सम्पर्कमा रहन्छौँ, फोन र भिडियो कलबाट हाँसो, खुसी अनि कहिलेकाहीँ जीवनका चुनौतीहरू साझा गर्छौँ। त्यसैले जीवनका व्यस्तताले पनि हाम्रो मित्रताको मिठास घट्न सक्दैन।

कहिले भिडियो कलमा सबैको हाँसो गुन्जिन्छ, कहिले केवल आवाजमै एकअर्काको मन बुझिन्छ। जीवनको चाप, कामको व्यस्तता र परिवारका जिम्मेवारीबिच पनि हामी समय निकालेर दुःख-सुख साटासाट गर्छौँ। कसैलाई समस्या पर्दा अर्कोले अडेस दिन्छ, कसैको खुसीमा सबैले उत्सव मनाउँछ।

जसरी कलेजको आँगनमा घाम ताप्दै बस्दा मन हल्का हुन्थ्यो, आज पनि एक-अर्कासँगको कुरा सुन्दा मन शान्त हुन्छ। दूरीले केवल शरीर टाढा पारेको हो, मन भने अझै पनि त्यही पुरानै टेबलमा बसेर चिया पिइरहेको छ।

हाम्रो मित्रता न सकिएको हो, न त कमजोर भएको तर परिस्थिति र जीवनको यात्राले हामीलाई सधैँ सँगै रहन दिँदैन। समय र अवसरले सबैलाई फरक बाटोमा लग्यो र धेरै साथीहरू उच्च अध्ययनका लागि बिदेसिन बाध्य भए। तर त्यो दूरीलाई हाम्रो मनले कहिल्यै स्वीकार गरेको छैन। अझै पनि दिनहुँ जसो फोन वा भिडियो कलमा हामी भेटिन्छौँ, हाँसो र सम्झनाहरू बाँड्छौँ, र पुराना दिनको स्वाद फेरि अनुभव गर्छौँ। दूरीले शरीर टाढा पार्न सक्छ तर हाम्रो मनको मित्रता कहिल्यै टाढा हुन्न।

